# बाइबलीय बलि प्रथाको बारेमा ज्ञान



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *यशैया १:२-१५; हिब्रू १०:३-१०; प्रस्थान १२:१-११; १ कोरन्थी ५:७; हग्गै २:७-९; यशैया ६:१-५; प्रकाश ४:७-११।*

**याद गर्नुपर्ने पद: "तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाए: 'तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो'"** *(प्रकाश ५:९)*।

जब बप्तिस्मा दिने यूहन्नाकहाँ येशू आउनुभयो तब उनले सार्वजनिक रूपमा सबैको सामु यो घोषणा गरे: "हेर परमेश्वरको थुमा जसले संसारको पाप मेटिदिनुहुनेछ!" *(यूहन्ना १:२९)*। यो मन्दिरमा हुने पशुबलिको प्रथालाई सही सम्बोधन थियो। मन्दिरमा हुने सबै पशुबलि प्रथाको सट्टामा सारा मानव प्राणीको निम्ति बलि हुनुहुने येशूको बारेमा सम्बोधन गरिएको थियो भनेर स्पष्ट छ।

पशुबलिको बारेमा बाइबलले सम्बोधन गरेको विषयलाई हामीले आँखा चिम्लेर बस्न सक्दैनौं। यो विषय रातो धागो जस्तै उत्पत्तिको पुस्तकदेखि प्रकाशको पुस्तकसम्म फैलिएको छ। प्रकाशको पुस्तकमा यस विषयले केन्द्रीय भूमिका खेल्छ। परमेश्वरको सिंहासनमा यूहन्ना लगिन्छ र त्यसको बारेमा दिव्य दर्शन उनलाई

दिइन्छ *(प्रकाश ४ र ५)*। यस दृश्यमा येशू निर्णायक भएर देखा पर्नुभएको थियो। उहाँ त मारिएको थुमा जस्तै देखा पर्नुभएको थियो *(प्रकाश ५:६)*। भविष्यवाणीका सबै श्रृङ्खलालाई बुझ्न यस दृश्यले प्रमुख भूमिका खेल्छ।

येशूको बारेमा बुझाउन बलि प्रथाका केही विषयवस्तुहरू यस अध्यायमा हेर्नेछौं। येशू नै मारिएको थुमा हुनुहन्थ्यो। सिंहासनको बैठकमा येशू स्पष्ट रूपमा मुख्य व्यक्ति हुनुहुन्छ। यस संसारका कुनै व्यक्ति होइन, केवल उहाँ मात्र योग्य हुनुहुन्छ। पौराणिक इस्राएलको पशुबलि प्रथाद्वारा प्रभुले के गरिरहनुभएको थियो, त्यही कुरालाई उहाँ विशेष योग्य व्यक्ति हुनुभएको कुराले बुझाउँछ। यसको बारेमा जति ठेली लेखे पनि अन्त हुँदैन। यसले अनन्तको प्रेमले सुशोभित परमेश्वरको बारेमा प्रकट गर्छ। त्यही परमेश्वरले मानव कल्याणको निम्ति आखिरी बलि हुनुभएको थियो। उहाँको यो कामको बारेमा हामी र जगत्का वुद्धिजीवि प्राणीहरूले अनन्तसम्म चकित भएर अध्ययन गरिरहनेछौं।

# बेकारका पशुबलिहरू?

कहिलेकाहीँ दुई विपरित धारणाहरू धेरै शिक्षाप्रद हुन सक्छन्। परमेश्वरले स्थापना गर्नुभएको बाइबलीय पशुबलिको अवधारणालाई आफ्ना जनहरूले गरेका पशुबलिप्रति उहाँको *अस्वीकारबाट* हामी धेरै सिक्न सक्छौं।

तुलना गर्नुहोस्: **देहायका पदहरूलाई एक आपसमा तुलना गरेर अध्ययन गर्नुहोस्। ती पदहरूले पशुबलिको महत्त्वको बारेमा हामीलाई के पाठहरू सिकाउँछन्? यशैया १:१-१७; यशैया ५६:६-७ र भजनसंग्रह ५१:१७ पढ्नुहोस्।**

---

---

इस्राएलको इतिहासमा यो पाटा अत्यन्तै कहालीलाग्दो छ। तिनीहरूका पशुबलि र धार्मिक विधिहरू परमेश्वरले अस्वीकार गर्नुभएको यो पहिलो पल्ट होइन। मुक्तिको इतिहासको सुरुमा त्यही खालको घटना भएको थियो। हाबिलको बलिलाई परमेश्वरले स्वीकार गर्नुभएको थियो, तर कयिनको पूजालाई उहाँले अस्वीकार गर्नुभएको थियो। त्यस प्रारम्भिक कथाले कस्तो खालको बलिलाई परमेश्वरको सामु मान्य छ र छैन भनेर खुलासा गरिएको छ *(उत्पत्ति ४:३-७ र हिब्रू ११:४ हेर्नुहोस्)*।

यशैयाको समयमा यहूदीहरूले धार्मिक विधिहरू औपचारिकता पूरा गर्न मात्र गरेका थिए। त्यो पनि परमेश्वरलाई प्रसन्न पार्न जतिसक्दो कम गरेर बाँकी जीवन तिनीहरूले जसरी मन लाग्यो त्यसरी बिताएका थिए। तिनीहरूका पशुबलिहरूको केन्द्रबिन्दु तिनीहरू नै थियो जसरी कयिनको थियो। तिनीहरू परमेश्वरमा समर्पित मिजासमा रहेका थिएनन्।

त्यो नीतिले यस संसारका राज्यहरूका नीतिलाई देखाउँथ्यो: आत्मिक पर्याप्तता वा आफूले जे गर्छ त्यही ठिक छ भन्ने मिजास। कयिनले आफ्नो जीवन जस्तो मन लाग्यो त्यसरी नै बिताएको थियो, तर परमेश्वरलाई आफ्नै शर्तहरूमा औपचारिक विधि पूरा गरेर आराधना गरेको थियो। परमेश्वरको मार्गमा हिँड्नु असुविधा छ

भनेर उसले महसुस गरेको थियो। उसले आफ्नो मुक्तिको बाटो आफैले छेकेको थियो। उसले झारा टार्ने हिसाबले परमेश्वरको आराधना गरेको थियो।

तथापि, हाबिलले परमेश्वरले अनुरोध गर्नुभएको बलिदान चढाए, त्यो बलिदान जसले आउँदैगरेको मसीहको बारेमा परमेश्वरले गर्नुभएको प्रतिज्ञालाई प्रदर्शन गर्‍यो (उत्पत्ति ३:१५): एउटा थुमा, जसले कलवरीमा ख्रीष्टको उद्धार कार्यलाई औंल्याउँछ।

“हाबिलले मुक्तिका महान् नीतिहरूलाई बुझेको थियो। आफू पापी भएको उसले महसुस गरेको थियो। पापलाई उसले चिनेको थियो, अनि त्यो र त्यसको नतिजा अर्थात् मृत्यु उसको प्राण र परमेश्वरसँग सम्पर्क रोक्न उभिएको उसले महसुस गरेको थियो। उसले ल्याएको मारिएको बलिद्वारा परमेश्वरको आज्ञालाई तोडेको भनेर उसले स्वीकारेको थियो। बगाएको रगतद्वारा भविष्यका हुने बलिलाई उसले देखेको थियो। त्यो बलि थियो कलवरीको क्रूसमा टाँगिएको येशू। येशूको प्रायश्चित्तको बलिले आफू धर्मी हुनगएको उसले देखेको थियो। त्यसको फलस्वरूप उसको बलिलाई स्वीकार गरिएको थियो।”—एलेन जी. ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. ७२।

**केवल औपचारिकतालाई मात्र पूरा गर्ने धार्मिक विधिहरूको खतराबाट तपाईंले आफूलाई कसरी सुरक्षित राख्नुहुन्छ? हाम्रो मुक्तिको आशा केवल येशूको मृत्युमा मात्र पूरा भर पर्छ भन्ने ज्ञानमा भरपर्ने अनुभव हामी सबैले कसरी अनुभव गर्न सक्छौं?**

# साँढे वा राँगा र बोकाहरूका रगत

कतिपय मानिसहरूले पशुबलि प्रथा निष्ठुर, निर्दयी, खस्रो र अनुचित छ भनेर दाबी गर्दछन्। वास्तविक रूपमा पशुबलिको अवधारणा त्यही हो। येशूको मृत्यु निर्दयी, निष्ठुर, कठोर, अन्याय थियो—दोषीको निम्ति निर्दोषको मृत्यु। पापको समस्या समाधान गर्न त्यही कदम चालिएको थियो। येशूको मृत्यु नै कठोर, निर्दयी र अन्याय थियो भनेर औँल्याइएको थियो।

पढ्नुहोस्: **हिब्रू १०:१-१० पढ्नुहोस्। पुरानो करारका परमेश्वरका मानिसहरूले गरेका पशुबलिहरूले हामीलाई के सिकाउँछन्? यदि पशुबलिले पापीहरूको पाप मेटिँदैन भने पशुबलिको औचित्य के छ र?**

---

---

थुमा र अरू पशुहरूको बलिले परमेश्वरको थुमाको प्रायश्चित्तको बलिलाई औँल्याएको हुनाले ती पशुबलिहरू केवल प्रतिक मात्र थिए। जब तिनीहरूले पशु बलि दिन्थे तब आउने मसीहको ठोस मृत्युलाई औँल्याइएको भक्त जनहरूले विश्वास गर्नुपर्थ्यो। त्यस *प्रतिकलाई* वास्तविक *घटनाद्वारा* पूरा गरेको थियो। पशुबलि केवल आउनेवाला बलिको छायाँ मात्रै थियो। प्रत्येक पल्ट पौराणिक इस्राएलले पशुबलि दिन्थ्यो, त्यो क्रूसमा येशू मर्नुहुने भविष्यवाणी हो भनेर ठोस रूपमा देखाइएको थियो।

पशुबलिसँग सम्बधित विधिहरू यात्रामा जान टिकट किनेको जस्तो हो। तपाईंले बस वा हवाइ जहाजको टिकट किनुभयो भन्दैमा तपाईं तुरुन्तै यात्रा गर्नुहुन्न। तर तपाईंले पाएको टिकट नै तपाईं यात्रा गर्ने ठाउँको निम्ति प्रतिज्ञा हो। तपाईं त्यस टिकटमाथि बसिरहन सक्नुहुन्छ, तर तपाईंले त्यस टिकटअनुसार यात्रा गर्नुभएन भने त्यो टिकटको केही काम हुँदैन। जब तपाईं त्यस टिकटको आधारमा बसमा वा हवाइ जहाजमा यात्रा सुरु गरिसक्नुहुन्छ तब त्यस टिकटको आवश्यकता हुँदैन।

पशुबलि प्रथा पनि त्यही हो। त्यसको भूमिका महत्त्वपूर्ण त छ, तर जब वास्तविक बलि भयो भने त्यस प्रथाको औचित्य समाप्त हुन्छ। यसको वास्तविकता त्यस बेला प्रकट भएको थियो जब येशूको मृत्युमा पवित्र स्थान र महा पवित्र स्थानको पर्दा च्यातिएको थियो। त्यो पर्दा माथिबाट तलसम्मै च्यातिएको थियो *(मर्कूस १५:३८)*। मन्दिरमा वा जुनसुकै बेदीमा गर्ने पशुबलिले येशूको मृत्युलाई औँल्याइएको थियो। जब येशू क्रूसमा मर्नुभएर मृत्युबाट विजयी हुनुभयो तब पशुबलिको प्रतिकको आवश्यकता भएन।

**पापको बारेमा सोच्नुहोस्। केवल देहधारी हुनुभएको वचनको** *(यूहन्ना १:१-३, १४)* **मृत्युले मात्र मानिस पापबाट मुक्ति पाउनेथियो। पापप्रति हाम्रो सोच र मनोवृत्ति कस्तो हुनुपर्छ भनेर त्यसले कसरी देखाउँछ?**

# निस्तार चाडको थुमा

प्रकाशको पुस्तकमा येशूलाई थुमा भनेर जण्डै तीस पटक सम्बोधन गरिएको छ। मुक्तिको योजनाको प्रारम्भिक कालदेखि नै थुमाहरूलाई मसीहको प्रतिकको रूपमा परमेश्वरको जनहरूले प्रयोग गरिरहेका थिए। हाबिलले बगालको पहिलो जन्मेको *(उत्पत्ति ४:४)* पशुलाई बलि चढाएको थियो। इस्राएलीहरू मिश्र देश छोड्नुभन्दा पहिले एक वर्षको थुमालाई बलि दिएर प्रत्येक जेठो व्यक्ति वा पशुको उद्धार गर्न तिनीहरूलाई निर्देशन दिएको थियो *(प्रस्थान १२:५)*।

पढ्नुहोस्: **प्रस्थान १२:१-११; यशैया ५३:७-९; १ कोरन्थी ५:७ र प्रकाश ५:६ पदहरू पढ्नुहोस्। यी पदहरूमा येशू ख्रीष्टलाई निस्तार चाडको पाठो भनेर औँल्याइएको छ। यी पदहरूले हामीलाई के सिकाउँदछन्? हामी प्रत्येको निम्ति त्यसको अर्थ के छ?**

---

---

येशू ख्रीष्टको मृत्यु, पुनरुत्थान र स्वर्गमा उक्लिनुभएको घटनाहरूबाट प्रेरित भएर धेरै वर्षपछि पत्रुसले यो लेख्दछन्, "तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्टयाइएका होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्टयाइएका छौ" *(१ पत्रुस १:१८-१९)*।

परमेश्वरको पवित्रतालाई सन्तुष्ट गर्न येशूले यस संसारमा एक मानव जीवन लिएर जिउनुभएको थियो। उहाँबाहेक हामी सबैले पाप गरेका छौं। हाम्रो पापमय स्वभावको जीवन बिताइरहेकोले हाम्रो सृष्टिकर्ताको चरित्र, स्वभाव र मिजासलाई वास्तविक रूपमा गलत चित्रण गरिरहेका हुन्छौं।

तर येशू अन्तिम आदम *(१ कोरिन्थी १५:४५)* हुनुभयो। हामी असफल भएकोमा उहाँ सफल र सिद्ध जीवन बिताउनुभएको थियो। मानिसको जीवन कस्तो हुनुपर्छ भनेर उहाँको मानव जीवनले देखाएको थियो। उहाँले परमेश्वरको महिमा र

गौरव परिपक्व रूपमा देखाउनुभएको थियो। उहाँले फिलिपलाई भन्नुभएको थियो, "यदि तिमीले मलाई देखेका भए पितालाई पनि देख्नेथियौ" *(यूहन्ना १४:९)*।

येशूलाई निस्तार पर्वको बेलामा क्रूसमा टाँगिएको थियो। उहाँले बलिको पाठोको प्रतिकको साक्षात्कार भनेर प्रमाणित गर्नुभएको थियो। यूहन्ना १८:१९, २०मा उहाँले उहाँको शिक्षाको बारेमा खुलेआम बोल्नुभएको थियो भनेर उल्लेख गरिएको छ। प्रस्थान १२:५, ६लाई समानान्तर रूपमा लिइयो भने इस्राएलीहरूलाई निस्तार चाडको निम्ति पाठो तयार पारिराख्नू भन्नुको अर्थ त्यसलाई बलि दिन अलग राख्नू भनेको हो। जब प्रधान पूजारीले येशूको शिक्षाको बारेमा सोधपूछ गरे, तब उहाँ मन्दिरमा आफू उपलब्ध र सबैको सामु उपस्थित हुनुभएको थियो र शिक्षा दिनुभएको थियो भनेर जवाफ दिनुभयो। उहाँको जीवन, उहाँको काम र उहाँको शिक्षा दीक्षा सबैले उहाँ को हुनुहुन्छ भनेर प्रकट गरिरहेको थियो। उहाँ निर्दोष पाठो हुनुहुन्छ। परमेश्वरको धार्मिकता र महिमालाई उहाँले नै अत्यन्तै प्रभावकारी ढङ्गमा प्रकट गर्नुभएको थियो।

**हाम्रो जीवनमा येशू ख्रीष्टको चरित्र, स्वभाव र मिजासलाई परिपक्व रूपमा हामीले कसरी झल्काइरहन सक्छौं?**

# येशू मन्दिरमा

मुक्तिको कथाभरि तनाव भएको पाइन्छ। एक फेरा मानव प्राणीले उहाँसँग खुला रूपमा गरेको आदानप्रदान परमेश्वरले पुनर्स्थापना गर्न चाहनुहुन्छ। हाम्रो नजिक हुन उहाँले तीव्र चाहना गर्नुहुन्छ। तर पापीहरूलाई पापमै डुबाएर उहाँको अगाडि ल्याउँदा तिनीहरू विनाश हुनेथिए। दाऊदले यस मामिलालाई यसरी व्यक्त गर्दछन्, "तपाईं दुष्टतामा प्रसन्न हुने परमेश्वर हुनुहुन्न। खराबी तपाईंमा वास गर्न सक्दैन" *(भजनसंग्रह ५:४)*। फेरि त्यसै समय दाऊदले यो पनि व्यक्त गर्दछन्, "तर मचाहिँ तपाईंको अपार कृपाको कारणद्वारा, तपाईंको भवनभित्र पस्नेछु। भक्तिसाथ तपाईंको पवित्र मन्दिरतिर फर्की दण्डवत् गर्नेछु" *(भजनसंग्रह ५:७)*।

पढ्नुहोस्: **हग्गै २:७-९ पढ्नुहोस्। जब दोस्रो मन्दिरको निर्माण हुँदैथियो अगमवक्ता हग्गैले यो अचम्मलाग्दो भविष्यवाणी बोलेका थिए: नयाँ मन्दिर पहिलेको भन्दा भव्य र गौरवमय हुनेछ। त्यस भविष्यवाणीको अर्थ के हो?**

---

---

जब राजा सोलोमनले पहिलो मन्दिरको निर्माण भएपछि त्यसको समर्पण गरेका थिए, तब परमेश्वरको शेकैनाह वा तेजस्वी गौरवले त्यस मन्दिर भरिएको थियो। त्यही शेकैनाहले इस्राएलीहरूलाई मरुभूमिको यात्रामा अगुवाइ गरेको थियो। जब मन्दिर त्यो महिमाले भरियो तब पूजारीहरूले तिनीहरूले गर्नुपर्ने विधि पूरा गर्न त्यस मन्दिरभित्र रहन सकेका थिएनन् *(१ राजा ८:१०, ११)*। जब दोस्रो मन्दिरको समर्पण गरिएको थियो तब त्यस बेला करारको सन्दुक थिएन। यसले परमेश्वरको सिंहासनको प्रतिनिधित्व गरेको थियो। देशका पापहरूसँग क्रोधित भएका केही विश्वासीला मानिसहरूले यसलाई लुकाएका थिए। त्यस बेला पहिलेको जस्तो परमेश्वरको वास्तविक उपस्थितिले मन्दिर भरिएको थिएन। यो हृदयविदारक थियो। हग्गैको प्रतिज्ञा कसरी सत्य हुन सक्छ र?

त्यस दोस्रो मन्दिरमा परमेश्वरको अवतार येशू मानव चोलामा उपस्थिति हुनुभएको थियो। परमेश्वर आफै महा-पवित्रस्थानको पर्दाबाट निस्कनुभएर हामीमा एक हुनुभयो र यस टुटिएको संसारमा हामीलाई जोर्न कदम चाल्नुभएको थियो। परमेश्वरको पुत्र अब मानिसको पुत्र भएको थियो। उहाँको अनुहार हामीले हेर्न सक्छौं, उहाँको आवाज हामी सुन्न सक्छौं, उहाँको गवाही हामी हुन सक्छौं। जब उहाँले कुष्ट रोगीलाई छुनुभयो तब उहाँले त्यसलाई पूरै निको वा पूर्ण स्वस्थ पार्नुभएको थियो *(मत्ती ८:३)*। परमेश्वरले हामीलाई उहाँको नजिक ल्याउनुको सट्टा उहाँ नै हाम्रो नजिक आउनुभयो। उहाँ व्यक्तिगत रूपमै हामीतिर झर्नुभयो। त्यसैकारण येशूको बारेमा बाइबलले यो व्यक्त गर्दछ, "हेर, एउटा कन्याले गर्भधारण गर्नेछिन्, र त्यसले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग" *(मत्ती १:२३)*। यसको अर्थ के हो सोच्नुहोस्: सारा जगत्‌को सृष्टिकर्ता हामीसँग रहन हाम्रो सानो स्तरमा झर्नुभयो र हाम्रो निम्ति मर्नुभयो।

**परमेश्वरको प्रेमको प्रकटको पराकाष्टा क्रूस हो। हाम्रो दैनिक जीवनमा उहाँको प्रेमको वास्तविकतालाई कसरी अनुभव गर्न सकिरहेका छौं?**

______________________________________________

## तपाईंले नै सबै थोकको सृष्टि गर्नुभयो!

थोरै भए पनि कतिपय समयमा परमेश्वरका अगमवक्ताहरूले दिव्यदर्शनद्वारा उहाँको सिंहासनको झल्को पाएका थिए। इजकिएलले त्यस सिंहासन आकाशमाथि भएको देखेका थिए *(इजकिएल १:२६)*; यशैयाले यसलाई हेर्न स्वर्गको मन्दिरमा पुगेका थिए *(यशैया ६:१)* र अझ त्यस स्थान स्पष्ट रूपमा यूहन्नाले वर्णन गरेका छन्। यूहन्नाले दिव्यदर्शनद्वारा परमेश्वरको सिंहासनमा पुऱ्याइएका थिए *(प्रकाश ४, ५)*। पौराणिक इस्राएलमा भएको पवित्र मन्दिरका विधिहरूले परमेश्वरको समिप पुग्न केवल एउटैमा बाटो पहिल्याएको थियो, त्यो हो येशू ख्रीष्टको रगत *(लेवी १६:२, १४ उदाहरणको निम्ति)*।

पढ्नुहोस्: **यशैया ६:१-५ र प्रकाश ४:७-११ पढ्नुहोस्। ती दुवै दिव्यदर्शनमा के तत्त्वहरू समान छन्? कुन क्रममा घटना भएको थियो त्यो सोच्नुहोस्। एक पछि अर्को के हुन्छ? ती दिव्यदर्शनहरूमा परमेश्वरको बारेमा के सत्य प्रकट गरिएको छ?**

_______________________________________________

_______________________________________________

_______________________________________________

स्वर्गमा रहेको सिंहासनको बैठकको दिव्यदर्शनमा परमेश्वरको पवित्रताको बारेमा स्वर्गका जीवहरूले व्यक्त गरेका उल्लेखनीय मान्नुपर्छ। यशैयाको दिव्यदर्शनको दृश्य प्रभावकारी छ: मन्दिर त धुवाँ नै धुवाँले भरिएको थियो। जब सराफ स्वर्गदूतहरूले परमेश्वरको पवित्रताको बारेमा घोषणा गरेका थिए तब ढोकाका चौकोसहरू हल्लेको हल्लेका थिए। यूहन्नाको दर्शनमा पनि करूबहरूले त्यही घोषणा गर्छन्, “पवित्र, पवित्र, पवित्र” (इजकिएल १०:१४, १५मा *करूब* भन्ने जीवित प्राणीहरू वर्णन गरिएको छ)। प्रत्येक अगमवक्तालाई परमेश्वरको महिमाको तेजिलो दृश्य देखाइएको थियो।

अनि त्यो दृश्य देखेपछि अगमवक्ताको प्रतिक्रिया देखाइएको छ। आफू अशुद्ध वा फोहर ओठहरू भएको मानिस भनेर यशैया चिच्याउँछ *(यशैया ६:५)* र यूहन्ना त रुँछ पो। कोही पनि व्यक्ति योग्य नभएको दुःखलाग्दो सत्यको महसुस गरेको थियो *(प्रकाश ५:४)*। जब परमेश्वको योग्यताको बारेमा हामीलाई सिधा प्रस्तुत गर्छ तब कहालीलाग्दो मानिसको अवस्थाको बारेमा बुझ्न थाल्छौं: हामी अत्यन्तै अयोग्य छौं। हामीलाई मुक्तिदाता येशूको आवश्यकता अपरिहार्य छ।

परमेश्वरको विरुद्धमा शैतानले धेरै दोषहरू थुपारेको थियो। उहाँ निरङ्कुस, स्वार्थी, कडा, कठोर हुनुहुन्छ भनेर उसले आरोप लगायो। तर परमेश्वरको सिंहासनको क्षणिक झल्कोले शैतानको झुटको पर्दाफास भएको हुन्छ। येशू ख्रीष्ट "मारिएको थुमा" *(प्रकाश ५:१२)* देखेपछि पिताको सत्य चरित्रलाई देख्न सक्षम् भएको थियो। हाम्रो निम्ति यो कस्तो सान्त्वनादायक छ कि येशूलाई हेर्दा नै पिता कस्तो हुनुहुन्छ भनेर हामी थाहा पाउन सक्छौं *(यूहन्ना १४:९)*। परमेश्वर पिता कस्तो हुनुहुन्छ भन्ने महान् प्रकटीकरण नै येशू हाम्रो निम्ति क्रूसमा मर्नुभएको कुराले देखाउँछ।

क्रूसले हामीलाई दुई थोकहरू देखाउँछन्: पहिले त परमेश्वरले हामीलाई कतिको प्रेम गर्नुहँदोरहेछ, हाम्रो निम्ति उहाँ आफै बलि हुनुभयो; दोस्रोमा, हामी कतिको पापी र गिरेको रहेछौं र हामीले मुक्ति पाउन चाहन्छौं भने त्यसको उपाय केवल क्रूस मात्र छ।

**थप जानकारी:** हामीलाई मुक्ति दिलाउन *केवल* येशू *मात्र* योग्य हुनुहुन्छ भनेर बाइबलले जिकिर गर्छ। उहाँको मात्र जीवन पापरहित मानव जीवन थियो। उहाँको जीवनको उदारणले मात्र पिताको महिमालाई सन्तुष्ट पारेको थियो। उहाँ *खोतरहित* परमेश्वरको थुमा हुनुहुन्छ। अहिले उहाँ हाम्रो अनन्त जीवनको जमानत भएर मानव जातिको शिर हुनुभएको छ। फेरि त्यसै बखत उहाँले हाम्रो पापको दोष आफूले नै लिनुभयो। दुष्टताप्रति परमेश्वरले गर्नुहुने न्याय उहाँले नै खप्नुभएको थियो। जब परमेश्वरको सिंहासन वरिपरि स्वर्गका जीवहरू घेरेमा थिए, यूहन्ना भावुक भएर रोएका थिए। तब "धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, 'नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ'" *(प्रकाश ५:५)*।

पाप कस्तो खराब छ सो सोच्नुहोस्। मानिस जाति कतिको गिरेको रहेछ कि येशूको मृत्यु मात्र पापको समस्या समाधान हुन्छ। हामीलाई मुक्ति दिने अरू कुनै उपाय भए उहाँले त्यो उपाय चाल्नुहुन्थ्यो, यदि ईश्वरीय शासन प्रणालीका नीतिहरूलाई नपन्छाईकन उहाँले हामीलाई मुक्ति दिन सक्नुहुन्थ्यो।

"परमेश्वरको दश आज्ञाको उल्लङ्घन गर्दा पापीको ज्यानको माग गरिएको थियो। सारा जगत् ब्रह्माण्डमा केवल मानिसको निम्ति एक जनाले मात्र मुक्तिको कदम चाल्न सक्नुहुन्थ्यो। दश आज्ञा परमेश्वरजस्तै पवित्र भएकोले उहाँको बराबरीले मात्र पापको प्रायश्चित्त गर्न सक्नुहुन्थ्यो। व्यवस्थाको श्रापबाट केवल येशूले मात्र पतित मानिसलाई उद्धार गरेर उसलाई स्वर्गको तालमेलमा राख्न सकिन्थ्यो। पापको दोष र लज्जालाई येशूले बोक्न तयार हुनुभएको थियो, तर पवित्र परमेश्वरको सामु पाप यति घृणास्पद र वाक्कलाग्दो थियो कि पिता र पुत्रको सम्बन्ध विच्छेद हुनु आवश्यक थियो। मानिसको दयनीय अवस्थाको तल्लोभन्दा तल्लो स्तरमा आफूलाई झार्नुभएको थियो ताकि भ्रष्ट मानव जातिलाई उहाँले उद्धार गर्न सकून्।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. ६३।

## छलफलको लागि प्रश्नहरू:

१. यूहन्नाले पाठो सिंहासनको बैठकमा मारिएको जस्तो भएर पसेको देखे। प्रकाश १३:८ले पृथ्वीका जग हालेदेखि मारिनुभएको थुमा भनेर हामीलाई बताउँछ। हामीलाई आवश्यक हुनुभन्दा अघि नै मुक्तिको योजना बनाइएको रहेछ भनेर थाहा पाएपछि परमेश्वरको बारेमा हामी के सिक्न सक्छौं?

२. हामी चिसो र कसैले वास्ता नगरेको संसारमा एक्लै छौं भनेर धेरै नास्तिकहरूले विश्वास गर्छन्। त्यसको विपरित परमेश्वले हाम्रो वास्ता मात्र गर्नुहुन्न तर हाम्रो निम्ति *तल* झरेर *मर्नुभयो* भनेर बाइबलले हामीलाई बताउँछ। यस परिवेशमा यस संसारप्रति हाम्रो दृष्टिकोण कस्तो हुनुपर्छ र हाम्रो ठाउँ के छ भनेर हामीले किन सोच्नुपर्दछ? अर्थात् हाम्रो दैनिक जीवनको कारोबारमा क्रूसको वास्तविकतालाई हामीले कसरी प्रभाव पार्नुपर्छ?

३. किन येशूको जीवन, मृत्यु र पुनरुत्थानले *मात्रै* मानव जातिले मुक्ति पाउँछ? फेरि पापको मोल कस्तो रहेछ भनेर त्यसले हामीलाई सिकाउँछ?

## भाग २: सहयोगको निम्ति चित्कार

*लेखक:* आन्ड्र्‍यु मेकचेस्नी

हाइस्कुलको पढाइ सकेपछि डायनाको जीवन खतरातिर ओराल्दैथियो। उनको जीवनशैली नै पार्टीमा जाने, रमझम गर्ने, नाच्ने, मद्यपान र धुम्रपान गर्ने पद्धतिमा चलिरहेको थियो। एक दिन कलराडोको मन्ट भिस्टाको रमणीय पार्कमा एक्लै डुल्दैथिइन्। डायनाले आफ्नो आँखा उचालेर रूखका पातहरू हेरिन्। त्यहाँबाट घामको किरण चकमक गर्दै आइरहेको थियो। त्यसै क्षणमा उनले एउटा आवाज सुनिन्, "*यदि तिमीले यहाँ छोडेन भने तिमी यहीँ मर्नेछौ।*" आफ्नो जीवनशैलीले उनको जीवन छिट्टै अन्त्य हुनेछ भनेर त्यो आवाजले बताइरहेको उनले महसुस गरिन्। यदि उनी बाँच्न चाहन्छिन् भने उनले आफ्नो जीवनशैली परिवर्तन गर्नुपर्नेछ भन्ने महसुस गरिन्।

आफ्नो भविष्यको बारेमा उनले आमासँग कुरा गरिन्। "तिमीले कहिल्यै जलसेनामा भर्ना हुने सोच्यौ?" आमाले जवाफ दिइन्। आफ्नो प्रश्नको जवाफ अर्थमूलक नपाएकोले आमाप्रति रिस उठेको थियो। तिन महिनापछि उनी फ्लोरिडाको ओर्लाण्डोमा जलसेनाको तालिम लिइन्। त्यसको फलस्वरूप उनलाई जहाजबाट विश्वभ्रमण गर्ने अवसर मिल्यो। त्यस क्रममा उनले धेरै नराम्रो वातावरणहरू देखिन् जसले उनमा घृणा जगायो। प्रत्येक बन्दरगाहामा जुवातास खेल्ने, वेश्यावृत्ति र धेरै नराम्रो रहनसहन भएको उनले देखिन्।

अनि उनी एक जना नौसैनिकसँग विवाह गरिन्। सम्मानपूर्वक उनलाई नौसेनाबाट अवकाश दिएको थियो। समय बित्दैजाँदा तिनीहरूका ती छोराहरू जन्मिए। तिनीहरू कलराडोको मन्ट भिस्टामा सरे। तर श्रीमान् पारिवारिक जीवनप्रति खुशी थिएन।

डायना उदासीन भइन् र मर्नको निम्ति सपना देख्न थालिन्। उनी बिरामी भएर मर्ने सोचिन्। अनि आफ्नो जीवनलाई आफैले हत्या गर्न सोचिन्। अनि अत्यन्तै

निराश भएर प्रार्थना गरिन्, "प्रभु, तपाईं जीवित परमेश्वर हुनुहुन्छ भनेर म विश्वास गर्छु। तर तपाईं कहाँ हुनुहुन्छ त्यो मलाई थाहा छैन।"

अर्को हप्ता अनौठो तरिकाले उनले विभिन्न आस्थाका मानिसहरूसँग कुराकानी गर्न पगिन्। पहिला दुई मिसिनेरीहरू उनको ढोकामा आए। एक जना मिसिनेरीले किताब खोलेर काला जातिहरू सबभन्दा उच्च स्वर्ग पस्न सक्दैनन् भनेर बताए, किनकि तिनीहरू श्रापित हुन्। त्यो कुरा डायनालाई पतक्कै मन परेन। जब उनी भर्जिनियामा थिइन्, उनको कक्षामा केवल उनी मात्र गोरा विद्यार्थी थिइन्। परमेश्वरले सबैलाई प्रेम गर्नुहुन्छ भन्ने धारणा उनलाई थाहा थियो। "तपाईंहरू जानुस्," उनले अह्राइन्। तिनीहरूले त्यो किन पढे होला भनेर सोचिन्।

अर्को दिन तीन महिलाहरू उनको घरमा आए। तिनीहरूलाई शबाथको बारेमा सोधिन्। "हामी प्रत्येक दिन परमेश्वरको आराधना गर्छौं," एक जना महिलाले जवाफ दिइन्। यो उनलाई मनासिब लाग्यो र तिनीहरूलाई फेरि फर्कन अनुरोध गरिन्।

अनि एक शुक्रबार बेलुका हुरीबतास चलेको समयमा सानी बुढी महिलाले उनको ढोका ढकढक्याइन्। उनले परोपकारको निम्ति राहत चन्दा सङ्कलन गर्दैथिइन्। परिवारसँग थोरै पैसा भए तापनि उनको खुत्रुकेबाट पैसा उनलाई दिइन्। उनले त्यो महिलालाई फेरि कहिल्यै पनि देखिनन्।

त्यही सप्ताहन्तमा उनको साथीले अर्को चर्चमा आउन निम्तो दिइन्। त्यहाँ दुष्ट आत्माले बासबसेको महसुस गरिन्। अनि सेवाकार्य पछि उनी भागेर घर आइन्।